जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ४७ पृष्ठः ४ | २०८३ जेठ २५ सोमबार (Monday 08 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# परीक्षार्थीका मोबाइलको क्षतिपूर्ति माग्दै सिरहामा प्रदर्शन घोषणा

**मोबाइल फोनको उचित क्षतिपूर्ति उपलब्ध गराउन, विद्यार्थी माथिको दमन अन्त्य गर्न तथा पीडित विद्यार्थीलाई न्याय सुनिश्चित गर्न दबाब दिने उद्देश्यले प्रदर्शन गर्न लागिएको हो।**



**सुरेश राय**

सिरहा, २४ जेठ। सिरहामा एसईई र कक्षा-१२ को परीक्षा केन्द्रबाट जफत गरिएका मोबाइल फोन तथा स्मार्ट घडी पानीमा डुबाएर नष्ट गरिएको घटनाविरुद्ध विद्यार्थी संगठनहरूले विरोध प्रदर्शनको घोषणा गरेका छन्। सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिएको सूचनाअनुसार जिल्ला प्रशासन कार्यालय सिरहाको अगाडि सोमबार दिउँसो १२ बजे प्रदर्शन गरिनेछ। प्रदर्शनमा सहभागी हुन सम्पूर्ण विद्यार्थीलाई आह्वान गरिएको छ।

संयुक्त विद्यार्थी संगठनको नाममा सार्वजनिक गरिएको प्रचार सामग्रीमा 'विद्यार्थीलाई क्षतिपूर्ति दे सरकार' भन्ने मुख्य नारा समावेश गरिएको छ। मोबाइल फोनको उचित क्षतिपूर्ति उपलब्ध गराउन, विद्यार्थी माथिको दमन अन्त्य गर्न तथा पीडित विद्यार्थीलाई न्याय सुनिश्चित गर्न दबाब दिने उद्देश्यले प्रदर्शन गर्न लागिएको हो। अनेरास्ववियु मधेश प्रदेश संयोजक सतिशचन्द्र सिंहले भने, 'प्रदर्शनको उद्देश्य सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुका साथै विद्यार्थीका माग सम्बोधन गर्न दबाब सिर्जना गर्नु हो।'

जिल्ला प्रशासन कार्यालय सिरहाले गत चैतमा सम्पन्न एसईई र कक्षा-१२ को परीक्षाका क्रममा परीक्षार्थीहरुबाट जफत गरिएका करिब ५०० मोबाइल फोन तथा स्मार्ट घडी पानीमा डुबाएर नष्ट गरेको थियो। प्रशासनले परीक्षाको मर्यादा कायम राख्न र भविष्यमा यस्ता उपकरणको दुरुपयोग हुन नदिन उक्त कदम चालिएको जनाएको छ। प्रशासनका अनुसार परीक्षाका क्रममा सात वटा आईफोन, ४८९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल फोन तथा पाँच वटा स्मार्ट वाच बरामद गरिएको थियो। ती सबै उपकरण हालै नष्ट गरिएको र बरामद सामग्रीको अनुमानित बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको बताइएको छ।

यसअघि मधेश प्रदेशकी तत्कालीन शिक्षामन्त्री रानी शर्मा तिवारीले परीक्षामा मोबाइल प्रयोग भएको पाइए कडा कारबाही गरिने चेतावनी दिएकी थिइन्। सोही आधारमा जिल्ला परीक्षा समन्वय समिति सिरहाले मोबाइल व्यवस्थापनका लागि छुट्टै उपसमिति गठन गरी बरामद उपकरण नष्ट गर्ने निर्णय गरेको जनाएको छ। शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका परीक्षा शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि सम्मिलित पाँच सदस्यीय समिति गठन गरिएको थियो। समितिले जिल्ला प्रहरी कार्यालय परिसरमा मोबाइलहरू २४ घण्टा पानीमा डुबाएर राखेपछि पूर्ण रूपमा प्रयोग गर्न नसकिने बनाई फुटाएर नष्ट गरेको जनाएको छ।

उपसमिति संयोजक यादवका

**-बाँकी दुई पेजमा**

# कमला पुल निरीक्षणमा पुगेका मन्त्री लम्सालसँग स्थानीयको आक्रोश



सिरहा, २४ जेठ। पूर्व-पश्चिम हुलाकी राजमार्ग अन्तर्गत सिरहा र धनुषा जोड्ने कमला नदीमाथिको बहुचर्चित पुल निरीक्षणका लागि पुगेका भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालसँग स्थानीयले आक्रोश व्यक्त गरेका छन्। शनिबार साँझ पुलस्थल पुगेर निर्माणको अवस्थाबारे निरीक्षण गरेका मन्त्री लम्सालले काम छिटो सम्पन्न गर्न सम्बन्धित पक्षलाई निर्देशन दिएका थिए। तर पुल निर्माण कहिले पूरा हुन्छ, पुरानै संरचनालाई निरन्तरता दिइन्छ वा नयाँ योजना ल्याइन्छ भन्ने विषयमा स्पष्ट धारणा सार्वजनिक नगरेको भन्दै स्थानीय युवाले विरोध जनाएका हुन्।

स्थानीयका अनुसार पुल निर्माणको भविष्यबारे प्रश्न गर्दा मन्त्रीबाट ठोस जवाफ नआएपछि केही युवाले नाराबाजी गरेका थिए। मन्त्रीको टोली फर्किने क्रममा 'फोटो खिचाउन मात्र होइन, जवाफ पनि दिनुपर्छ' र 'मधेशलाई उपेक्षा गर्न पाइँदैन' लगायतका नारा लगाइएको

**-बाँकी दुई पेजमा**

# लागुऔषधविरुद्ध सबै पक्ष एकजुट हुनुपर्छः मन्त्री चौधरी

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २४ जेठ। मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरीले लागुऔषध दुर्व्यसन विरुद्धको अभियानमा सरकार प्रतिबद्ध रहेको बताउँदै यसको नियन्त्रणका लागि सबै पक्ष एकजुट हुनुपर्ने आवश्यकता औंल्याउनुभएको छ। नेपाल भारतमैत्री युवा संघले आइतबार जनकपुरधामममा आयोजना गरेको 'लागुऔषधविरुद्ध जनचेतना अभियान' कार्यक्रममा बोल्दै वन तथा वातारणमन्त्री चौधरीले लागुऔषधको बढ्दो प्रयोग समाज र विशेषगरी युवा पुस्ताका लागि गम्भिर चुनौती बन्दै गएको उल्लेख गर्नुभएको हो। उहाँले युवाहरूलाई दुर्व्यसनबाट जोगाउन जनचेतनामूलक अभियानलाई अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

संघका धनुषा अध्यक्ष बजरङ्ग यादवको अध्यक्षतामा आयोजित कार्यक्रमका वक्ताहरूले लागुऔषधको बढ्दो प्रयोगले समाजमा नकारात्मक असर पारिरहेको भन्दै यसको नियन्त्रणका लागि सरकारी निकाय, शैक्षिक संस्था, अभिभावक तथा समुदायबिच सहकार्य आवश्यक रहेको धारणा राखेका थिए। वक्ताहरूले विद्यालय तहदेखि नै नियमित सचेतनामूलक कार्यक्रम सञ्चालन गरी युवाहरूलाई लागुऔषधको दुर्व्यसनबाट बचाउनुपर्ने उल्लेख गर्नुभएको थियो।

**-बाँकी दुई पेजमा**




## जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं।

- जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लंघन हो-यसको अन्त्य गरौं,
- सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं।

**समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सत्ताको सेपमा नेपाल प्रहरी

गुल्मीमा जनप्रतिनिधिमाथि दुर्व्यवहार भएको घटनामा किटानी जाहेरी दिँदा पनि प्रहरीले बेवास्ता गरेको मामिलामा प्रहरी प्रशासनको भूमिका शंकास्पद भएको आरोप चार प्रमुख दलका स्थानीय नेताहरूले संयुक्तरूपमा लगाएका छन्। इस्मा गाउँपालिकाका उपाध्यक्ष तथा केही महिला कर्मचारीसहित आध्यात्मिक ज्ञान जागरण एवं वैदिक संस्कृति संरक्षण कार्यक्रममा सहभागी भएर फर्किंदा राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताले दुर्व्यवहार गरेको घटनामा कारबाही नगरिएको दाबी उनीहरूको छ।

काठमाडौंमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुधन गुरुङले प्रहरी हिरासतमा राखिएका प्रदर्शनकारीलाई हिरासतभित्रै गएर गालीगलौज,धम्की र दुर्व्यवहार गरेको आरोप लगाएर राष्ट्रिय जेन( जी नागरिक अभियानले प्रेस विज्ञप्ति प्रकाशित गरेको छ। प्रहरीले धम्कीको आरोप स्वीकार नगरे पनि सांसद गुरुङ त्यहाँ पुगेको स्वीकार गरेको छ। लैनचौरस्थित भारतीय दूतावासनजिकै प्रदर्शन गरेका युवालाई नियन्त्रणमा लिएको थियो।

केही दिन पहिले प्रहरीले नेपाल सरकारका विशिष्ठ श्रेणीका एक बहालवाला कर्मचारीलाई पक्रेर केरकार गरी छाडेको छ। आधिकारिकरूपमा उनीमाथि कारबाही गर्ने कुनै कानुनी आधार नभएपछि पक्राउ गरेकै राति पत्नीको जिम्मा जमानीमा छाडिएको थियो। प्रधानमन्त्रीसँग अवकाशपछि राजदूत बनाइदिन आग्रह गर्दै एसएमएस पठाएकाले उनलाई पक्रिएको चर्चा छ। माथिका घटना नेपाल प्रहरीको छवि थप बिगार्न सहयोग गर्ने प्रतिनिधि उदाहरण हुन्। यी सबै घटनामा प्रहरीले सत्तारुढ दलका नेता कार्यकर्ताका कारण वा उनीहरूको स्वार्थमा प्रहरीको व्यावसायिक कर्तव्यलाई गौण बनाइएको देखिन्छ। जताले देख्ने सरकारको नजिकको प्रतिनिधि प्रहरी नै हो। यसैले प्रहरीको छवि बिग्रँदा प्रकारान्तरले राज्य र शासन पद्धतिप्रति नै जनविश्वास डगमगाउँछ।

प्रहरी प्रशासनमार्फत् नै शासन चलाइने हुनाले कानुनको रक्षाका लागि प्रहरी निष्पक्ष र इमानदार हुने विश्वास गरिएको हुन्छ। दुर्भाग्य लोकतन्त्रको जग नबसेका अधिकांश मुलुकमा सबैभन्दा धेरै दुरुपयोग प्रहरीकै शक्तिको गरिन्छ। नेपाल यसको अपवाद कहिल्यै बनेन। सत्तामा रहनेहरूले प्रहरीको दुरुपयोग गरेर कानुनको उपहास निरन्तर गरिरहेका छन्। माथि उल्लेख गरिएका घटना यसैको पछिल्लो उदाहरण हो। सत्ताका पक्षमा कानुन र आफ्नो व्यावसायिक धर्मको उपेक्षा गर्ने प्रवृत्ति आफ्नो वा संगठनको प्रतिविम्ब बनोस् भन्ने चाहना कुनै पनि इमानदार प्रहरी अधिकृतको पक्कै हुँदैन। यस्तै कानुन मिच्न सहयोग गर्दा कुनै दिन महँगो मूल्य चुकाउनुपर्ने कटु यथार्थ पनि सबैले मनन गरेकै हुनुपर्छ।

यसैले प्रहरी कुनै नेताको इसारामा चल्ने संस्था नभई विधि र प्रक्रियालाई पालना गर्ने व्यावसायिक शक्ति हो भन्ने प्रमाणित गर्न प्रहरी नेतृत्वले विवेक प्रयोग गर्नु आवश्यक छ। संस्थाको छवि बिग्रँदा इतिहासले कुनै राजनीतिक दलका कार्यकर्तालाई होइन प्रहरी नेतृत्वलाई नै जिम्मेवार ठह्याउनेछ।

# निर्वाचन आयोगको 'मण्डले' सुझाव

**निर्वाचन आयोगको सुझावअनुसार त ७५ प्रतिशत जति जनताले ३३ प्रतिशत सांसद प्रतिनिधि सभाका लागि चुन्ने भए। अनि बाँकी पहाड र हिमालका ५२ जिल्लाबाट ६६ प्रतिशत सांसद चुनिनेछन्।**



**गोविन्द अधिकारी**

'संविधान संशोधन' का लागि नेपालको निर्वाचन आयोगले सुझावमा लोकतन्त्रको मूल मान्यता र जनप्रतिनिधित्व मर्ममा प्रहार गर्ने दुस्साहस लुकेको देखिन्छ। संविधान संशोधनका लागि सुझाव संकलन गरिरहेको सरकारी कार्यदललाई आयोगले पठाएको भनिएको सुझावमा मूलतः जनप्रतिनिधिको संख्या घटाउने उपाय केन्द्रित देखिन्छ। त्यसमा पनि प्रतिनिधि सभाको अहिलेको संरचना खुम्च्याएर २०१९ मा जस्तै जिल्लामा १ जना सदस्य निर्वाचित हुने र समानुपातिक सदस्य २८ जना गरी १०५ सदस्यीय रहने सुझाव दिइएको छ।

### जनप्रतिनिधित्वको मर्म

प्रतिनिधि सभा किन बनेको हो र यसका सदस्य बालिग मताधिकारका आधारमा किन चुनिन्छन् ? नेपालमा पहिलो संसदीय निर्वाचन नै बालिग मताधिकारको आधारमा भएको थियो। तर, अहिले लोकतान्त्रिक प्रणालीको जरो गाडेको भनिएका देशहरूमा पनि पहिले बालिग मताधिकार थिएन। राजाका भारदारबाट जनताका प्रतिनिधि राजकाजमा निर्णायक बन्न थेरै समय लागेको थियो। यस छोटो लेखमा बालिग मताधिकारको विकास कसरी भयो भनेर नालीबेली लगाउन सकिँदैन तर, अहिले स्थापित सिद्धान्त के हो भने संसद् र जनसंख्याको संरचना मिल्नुपर्छ। आदर्श संसद् त्योमात्र हुन्छ। साथै, संख्यामा थोरै हुनेहरूको पनि प्रतिनिधत्व भएमात्र संसद् पूर्ण मानिन्छ।

आधुनिक लोकतन्त्रको यही विशेषता चरितार्थ गर्न विभिन्न उपायहरू अपनाइएका हुन्छन्। नेपालले अपनाएको संसद् संरचना थोरै जटिल तर न्यायपूर्ण देखिन्छ। व्यवहारमा राजनीतिक दलका नेताले गरेको बदमासीको दोष संविधानलाई दिन मिल्दैन।

### निर्वाचन आयोगको प्रतिगनकारी सुझाव

निर्वाचन आयोगले अहिलेको ७७ जिल्लालाई कायमै राखेर प्रत्येक जिल्लाबाट १/१ जना सदस्य चुनिने व्यवस्था गर्न सुझाव दिएको रहेछ। देशको कुल जनसंख्याको एक चौथाइ जति मानिस बसोवास गर्ने काठमाडौं उपत्यकामा अहिले ३ वटा जिल्ला छन्। यस्तै नेपालको आधाभन्दा बढी जनसंख्या तराईका २२ जिल्लामा छन्।

निर्वाचन आयोगको सुझावअनुसार त ७५ प्रतिशत जति जनताले ३३ प्रतिशत सांसद प्रतिनिधि सभाका लागि चुन्ने भए। अनि बाँकी पहाड र हिमालका ५२ जिल्लाबाट ६६ प्रतिशत सांसद चुनिनेछन्। यो त अठारौं शताब्दीतिरको पुरुषले मात्र, धनीले मात्र वा पढेलेखेकाले मात्र मतदान गर्न पाउने मध्ययुगीन अभ्यासकै अर्को अवतार भयो त। पहाडका मतदाताको मतको मूल्य तराईकाको भन्दा बढी बनाउने प्रपञ्चजस्तो।

### लोकतान्त्रिक उपाय

जनसंख्याको अवमूल्यन गर्ने प्रणाली अरू जे ठहरिए पनि आधुनिक लोकतन्त्र ठहरिँदैन। निर्वाचन आयुक्तहरूको धारणा प्रतिनिधि सभाका सदस्यको संख्या घटाउनै पर्छ भन्ने हो भने अहिलेको जिल्लालाई होइन सिङ्गो मुलुकलाई नै निर्धारित निर्वाचन क्षेत्रमा विभाजन गर्ने सुझाव दिनुपर्थ्यो। मूलतः जनसंख्याका आधारमा संसदीय निर्वाचन क्षेत्र तोक्ने सुझाव दिनसक्थे। यसले सबै नेपालीको नागरिकको मत बराबर हुन्थ्यो। अझ अर्को उन्नत उपाय पनि अपनाउन सकिन्छ – सिंगो देशलाई एउटै निर्वाचन क्षेत्र बनाउने र पूर्ण समानुपातिक प्रतिनिधित्व अपनाउने। यसबाट अझ राम्ररी जनसंख्याको सही प्रतिनिधि गराउन सकिन्छ।

### महेन्द्रमालाको धङधडी

यी सबै उपाय निर्वाचन आयुक्तहरूलाई थाहा नभएको त पक्कै होइन होला। त किन उनीहरूले यस्तो अनुचित र अलोकतान्त्रिक सुझाव दिए ? के टोपी लगाउनेहरू धोती लगाउनेभन्दा बढी नेपाली हुन्छन् भन्ने महेन्द्र दर्शनमा आधारित महेन्द्र माला पढेर हुर्केकाहरू भएकाले लोकतन्त्रको उज्यालो तिनको मस्तिष्कमा प्रवेश गर्न नसकेको हो ? नेपाली नागरिकका बीचमा विभेद गर्ने अलोकतान्त्रिक सोच अब स्वीकार्य हुँदैन। संविधान संशोधनका लागि २०१९ कै सिको गर्ने निर्वाचन आयोगको यो प्रतिगमनकारी सुझाव चिन्ताको विषय हो। जनसंख्याअनुसारको प्रतिनिधित्व नभए लोकतन्त्र हुँदैन। पञ्चायतमा जिल्लागत प्रतिनिधित्वको व्यवस्था गरिएको थियो सहर र तराईको जनसंख्याको प्रतिनिधित्व रोक्न। के निर्वाचन आयुक्तहरू साँच्चै त्यस्तै होस् भन्ने चाहन्छन् त ?

### संख्या कि सुविधा हो समस्या ?

यथार्थमा प्रतिनिधि सभाका सदस्यको संख्या घटाउनु आवश्यक र उचित देखिँदैन। राज्यलाई भार पर्ने संख्या तिनलाई दिइने सुविधाबाट हो। राष्ट्रपतिदेखि गाउँपालिकाका वडाअध्यक्षसम्मले उपभोग गर्ने सुविधामा नेपाली जनताको हैसियतअनुसार कटौती गरे हुन्छ। निर्वाचित कार्यकारी पदाधिकारीलाई उसको गुजारा चल्ने गरी वृत्ति दिने र अरू पदमा हुनेलाई बैठक भत्तामात्र दिने गर्नुपर्छ। संघीयतामा नजाँदासम्म त त्यसरी नै चलेको थियो। राज्यको कोषबाट सुविधा दिएमा भ्रष्टाचार हुँदैन भन्ने हो भने यो तर्क असत्य सिद्ध भइसकेको छ। भ्रष्टाचारमा समातिएका उच्च पदका कर्मचारी र तिनले भ्रष्टाचार गरेको भनिएको रकमको अङ्क हेर्ने हो भने भ्रष्टाचार मूलतः सोच र रहर हो बाध्यता होइन भन्ने पुष्टि हुन्छ। सरकारी कर्मचारीको तलब बढ्दा सेवाको गुणस्तरमा सुधार भएको देखिएको छैन। शिक्षकहरूको तलब बढाइँदा विद्यार्थीको शैक्षिक स्तर बढेको देखिएको छैन। यसैले भ्रष्टाचारलाई सरलीकरण नगरी राज्यको कोषमा पारिएको भार हलुंगो बनाउने उपाय सोचौं।

जनप्रतिनिधिलगायत सरकारी कर्मचारीको पनि तलब भत्तालाई समायोजन गरेर प्रतिव्यक्ति आयसँग जोड्ने एउटा उपाय हुनसक्छ। यो आजको मूल विषय नभएर अहिले थप चर्चा नगरौं।

### राज्यमा जनताको पहुँच किन घटाउने ?

निर्वाचन आयोगको अर्को मण्डले मानसिकता ग्रस्त सुझाव स्थानीय तहमा 'गैरदलीय' प्रतिनिधि भन्ने पनि हो। गैरदलीय भनेको के ? स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले राजनीतिक दलको सदस्यता त्याग गर्ने भनेको हो ? कि चुनाव चिह्न दलको जस्तो नहुने भनेको पञ्चायतमा जस्तै। कि निर्वाचित पदाधिकारीमाथि दलको नियन्त्रण नरहने व्यवस्था भनिएको हो ? त्यसो हो भने संघीय संसद् र प्रदेश सभाका सदस्यलाई पनि दलको बन्धनबाट मुक्त किन नगर्ने ?

पालिका र वडाको संख्या घटाउने, तिनमा जनप्रतिनिधिको संख्या घटाउने जस्ता सुझाव दिनेले या त देशको भूगोल चिनेकै छैनन् नभए तिनको मस्तिष्कमा लोकतन्त्र विरोधी महेन्द्रमालाको दीक्षाले गहिरो जरा गाडेको छ। गाउँ विकास समितिहरूलाई वडा बनाउँदा अहिले कतिपय वडाका बासिन्दालाई वडा कार्यालय पुग्न बासै बस्नुपर्ने हुन्छ। वडाअध्यक्ष लगायतका जनप्रतिनिधि चिन्ने त के कतिले त नामै सुनेका हुँदैनन्। तिनको प्रतिनिधत्व शासनकामा कसरी हुन्छ ? लोकतन्त्र शासनमा जनताको सकेसम्म धेरै र प्रत्यक्ष सहभागिता हुने पद्धति पो हो त। भत्ता दिन नसके नदिए हुन्छ तर जनताको सहभागिता र पहुँच राज्यमा बढाउने गरी संविधान संशोधन होस्।

### र अन्त्यमा

राजदूतको छनोटमा निवेदन ! संसदीय शासन प्रणाली भएका अधिकांश मुलुकमा स्पष्ट मापदण्ड अपनाएर योग्य र राज्यको प्रतिनिधित्व गराउन सकिने व्यक्तिहरू छान्ने गरिन्छ। नेपालले पनि अहिलेसम्म सिद्धान्ततः अपनाएको पद्धति यही हो। थप संसदीय सुनवाइ हुन्छ। व्यवहारमा भने विगतमा राजनीतिक भागबण्डा, दलका अयोग्य कार्यकर्ताको नियुक्ति, कूटनीतिक क्षमताको अभाव र संसदीय सुनुवाइको प्रभावहीनता व्यवहारमा देखिएको थियो। यसलाई सुधार्न भने सरकारले फेरि उही 'टकासेर खाजा टकासेर भाजा'को शैली अपनायो। राजदूतका लागि वैदेशिक रोजगारीको जस्तै निवेदन खोल्ने र हाल्ने, नियुक्तिका लागि अर्जी हाल्दा प्रहरीको फन्दामा पर्नेसम्मको चटक देखिइसकेको छ।

निवेदन हालेर जाँच दिएर योग्य व्यक्ति छानिन्थे र तिनीले राम्रो काम गर्थे भने लोकसेवाले छानेका कर्मचारी भ्रष्टाचारीको सूचीमा सबैभन्दा धेरै नहुनुपर्ने र सरकारी सेवा सुविधामा कुनै गल्ती र गुनासो नहुनुपर्ने थियो। त्यसो त भएको छैन। जाँचै लिएर राजदूत बनाउने हो भने अहिले नै परराष्ट्र मन्त्रालयमा छन् त जाँच दिएर योग्यता साबित गरेका कर्मचारीहरू। तिनीहरूलाई मात्र अर्थात् 'करियर डिप्लोम्याट'लाई मात्र राजदूत कुरै सिद्धिन्छ। केही मुलुकमा त्यस्तो अभ्यास पनि छ।अझ कहिले को कुन मुलुकमा जाने हो भनेर निधो गर्नेगरी रोलक्रमको रोस्टर बनाए हुन्छ। पारदर्शिता जति धेरै हुन्छ भ्रष्टाचार उति कम हुन्छ।

राजदूत राज्य र सरकार दुवैको प्रतिनिधि हो। इज्जत धान्न सक्नेलाई छाने यस्तो तमासा गर्नै पर्दैन। शासकले ऋषिमन लिएर छान्न खोजे योग्य र इमानदार व्यक्ति भेट्न सकिन्छ। नत्र, टेक्ने हाँगो र समाउने डालो नभएकाहरूलाई परराष्ट्रका कर्मचारीले टेर्नेछैनन्। बाह्रखरीबाट

## *परीक्षार्थीका...*

अनुसार मोबाइललाई पुनः प्रयोग हुन नसक्ने अवस्थामा पुऱ्याएर नष्ट गर्ने निर्णय गरिएको थियो। यद्यपि, प्रशासनको उक्त कदमप्रति अभिभावक, कानुन व्यवसायी तथा विद्यार्थी संगठनहरूले गम्भीर आपत्ति जनाउँदै क्षतिपूर्ति र न्यायको माग गरेका छन्।

## *कमला पुल...*

थियो। करिब १५ वर्षदेखि अलपत्र रहेको कमला पुलको अवस्था बुझ्न यसअघि पनि विभिन्न प्रधानमन्त्री र मन्त्रीहरू पटक–पटक पुगेका भए पनि निर्माण कार्य अझै पूरा हुन सकेको छैन।

स्थानीयवासीले यसपटक पनि मन्त्रीबाट स्पष्ट कार्ययोजना नआएको भन्दै निराशा र असन्तुष्टि व्यक्त गरेका छन्। हुलाकी कमला पुल संघर्ष समितिका संयोजक इन्जिनियर प्रविन यादवले मन्त्री लम्सालले 'हामी बोल्न होइन, काम गर्न आएका हौं, काम गरेर देखाउँछौं' भनेको बताए। तर पुल निर्माणको समयसीमा र योजनाबारे कुनै ठोस प्रतिबद्धता नआएपछि स्थानीय आक्रोशित बनेका हुन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख एसपी बासुदेव पाठकले मन्त्रीको निरीक्षणपछि सामान्य नाराबाजी भएको स्वीकार गरे। तर सवारीमा कुनै अवरोध नभएको उल्लेख गर्दै उनले मन्त्रीको सवारी फर्किने क्रममा बाटो व्यवस्थापनका लागि प्रहरीले सामान्य सहजीकरण गरेको बताए।

## *लागुऔषधविरुद्ध...*

वक्ताहरूले लागुऔषधमुक्त समाज निर्माणका लागि यस्ता अभियान प्रभावकारी हुने विश्वास व्यक्त गर्दै समाजका हरेक तहमा सचेतना फैलाउनुपर्ने आवश्यकता औंल्याए छन्। यस्तै, कार्यक्रममा उपस्थित विद्यार्थी, शिक्षक तथा अन्य सहभागीहरूले पनि लागुऔषधविरुद्ध जनचेतना फैलाउने प्रतिबद्धता जनाएका छन्। आयोजकले आगामी दिनमा पनि समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने तथा लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि यस्ता जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइने जनाएको छ।

कार्यक्रममा नेपाली कांग्रेस मधेश प्रदेशका सचेतक तथा सांसद कुमरकान्त झा, प्रदेशसभा सदस्य एव पूर्वमन्त्री शेषनारायण यादव, संघका महासचिव कृष्ण सिंह, नयाँ मुस्कान सुधार केन्द्रका पदाधिकारी, स्थानीय विद्यालयका विद्यार्थी तथा शिक्षक लगायतको सहभागिता थियो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# खडेरीले धानको ब्याड सुक्न थालेपछि किसान चिन्तित

उदयपुर, २४ जेठ। जेठको पहिलो हप्तादेखि अत्यधिक गर्मीसँगै सुक्खा खडेरी सुरु भएकाले असार साउनमा रोपाइँका लागि किसानले राखेको धानको ब्याड सुक्न थालेपछि उदयपुरका किसान चिन्तित बनेका छन्। जिल्लाको त्रियुगा तथा चौदण्डी नगरपालिका क्षेत्रका किसानले रोपाइँ गर्न राखेको धानको ब्याड सुक्न थालेको छ। अति बढी तातो र खडेरीले धानको ब्याड चिरासमेत पर्न थालेको किसान बताउँछन्। ब्याडमा धानको बीउ उम्रन नसक्ने अवस्था आएकामा आफूहरू चिन्तित बनेको त्रियुगा नगरपालिका–१ जोगीदहका किसान मोहनदेव चौधरी बताउनुहुन्छ।

त्रियुगा नगरपालिका–१३ पोर्ताहका किसान प्रेमप्रसाद दाहाल भनुहुन्छ, "जेठ १ गते नै असार साउनमा रोपाइँका लागि धानको ब्याड राखेको, तर खडेरी बढेसँगै ब्याड नै चिरा पर्दै जान थालेका कारण धानको बीउ उम्रन नसक्ने अवस्था छ। कतै धानको बीउकै कारण असार अन्तिमदेखि साउनमा रोपाइँ गर्न समस्या हुने हो कि भन्ने चिन्ता लागेको छ।" त्रिपा–३ भुल्केको दयानाथ भट्टराईका अनुसार जेठको सुरु हप्तादेखि नै बढी गर्मीसँगै तातो र सुक्खा खडेरीले ब्याड नै चिरा पर्न थालेकाले यसपटक धानको बीउ उत्पादन गर्न समस्या हुने र समयमा रोपाइँ गर्न नसकिने हो कि भन्ने चिन्ता लाग्न बताउनुहुन्छ।

भुल्के क्षेत्रमा मात्र झण्डै डेढ सयभन्दा बढी धानको ब्याड रहेको र अधिकांश सुक्खाले ब्याडमा चिरा पर्न थालेकाले बिउ उम्रन समस्या देखिएको अर्का किसान कृष्णप्रसाद फुँयाल बताउनुहुन्छ। यस्तै चौदण्डीगढी नगरपालिका–९ ज्यमिरेका कृषक धनपति पौडेलका अनुसार उदयपुरमा असारको तेस्रो हप्तादेखि साउनको तेस्रो हप्तासम्म रोपाइँ हुने गरेको छ। अधिकांश किसानले धानको ब्याड भने वैशाखको अन्तिम हप्तादेखि जेठको पहिलो हप्ताभित्र राख्ने गरेका छन्।

# मधेश प्रदेशमा काँडेभ्याकुर



काठमाडौँ, २४ जेठ। नेपालमा मात्र पाइने काँडेभ्याकुर चराको पहिलोपटक मधेस प्रदेशमा फेला परेको छ। समुद्री सतहदेखि चार सय ४३ मिटरको उचाइमा रहेको चुरे वन क्षेत्रपर्ने बाराको जितपुरसिमरा उपमहानगरपालिका–२२ को दुधौरा खोला नजिकै उक्त चरा फेला परेको हो। चराविद् हठन चौधरी र सुरज बरालले चरा अवलोकनका क्रममा यही जेठ २१ गते दुधौरा खोलाको पूर्वी शाखा खोला किनारमा यस चराको अभिलेख गर्नुभएको नेपाल पन्छीविद् सङ्घले जनाएको छ।

चरा अवलोकनका क्रममा वन विज्ञान अध्ययन संस्थान, हेटौँडा क्याम्पसमा स्नातक तहमा अध्ययनरत विद्यार्थी आशिष पन्त, सुमीसिंह ठकुरी र निश्चल पोखरेल पनि सहभागी हुनुहुन्थ्यो। उचाइका दृष्टिकोणले यो हालसम्मकै सबैभन्दा कम उचाइमा काँडेभ्याकुरको पहिलो अभिलेख गरिएको हो। नेपाल पन्छीविद् सङ्घ र मिथिला 'वाइल्डलाइफ ट्रस्ट'को संयुक्त सहकार्यमा हाल मधेस प्रदेशका आठवटै जिल्लामा चरा सर्वेक्षणको काम भइरहेको छ। पहिलो चरणको सर्वेक्षण जाडोयामलाई लक्षित गरी गत माघ–फागुनमा गरिएको थियो भने दोस्रो चरणमा गर्मीयाम लक्षित सर्वेक्षण हाल यही जेठ १८ गतेदेखि सुरु गरिएको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन तथा भूसंरक्षण विभागको अनुमतिमा पर्सा राष्ट्रिय निकुञ्ज, कोशीटप्पु वन्यजन्तु आरक्ष र मधेस प्रदेशका आठै जिल्लाका डिभिजन वन कार्यालयहरूसँग समन्वय गरी सर्वेक्षण सुरु भएको जनाइएको छ। काँडेभ्याकुर नेपालमा मात्र पाइने रैथाने चरा हो। प्रायः पहाडी क्षेत्रमा बढी पाइने यो चरा यसअघि सात प्रदेशमा अभिलेख भइसकेको छ। अब बारा जिल्लामा पनि चरा फेला परेसँगै यसको भौगोलिक फैलावट नेपालका सातवटै प्रदेशमा पुष्टि भएको छ।

# सन् २०३० सम्ममा देशभर १० हजार चार्जिङ स्टेशन निर्माण गर्न अध्ययनको सुझाव

काठमाडौं, २४ जेठ। पूर्वाधार विकास मन्त्रालयको एक अध्ययनले नेपालमा विद्युतीय गाडीको प्रवर्द्धनका लागि सन् २०३० सम्म देशभर कम्तीमा १० हजार चार्जिङ स्टेशन निर्माण गर्नुपर्ने सुझाव दिएको छ। 'नेपालमा इभी प्रवर्द्धनका लागि अवसर, चुनौती र सम्भावना' शीर्षकको यस अध्ययन प्रतिवेदनअनुसार अहिले देशभर एक हजार चार्जिङ स्टेशन सञ्चालनमा छन्।

तिनीहरु धेरैजसो काठमाण्डौ, पोखरा र भरतपुर जस्ता मुख्य शहरमा मात्र केन्द्रित छन्। राजमार्ग, ग्रामीण र दुर्गम क्षेत्रमा चार्जिङ सुविधाको अभावले लामो दूरीको यात्रामा विद्युतीय गाडीको प्रयोग गर्न कठिनाइ भइरहेको छ। प्रतिवेदनले चार्जिङ पूर्वाधारको कमी, ब्याट्रीको उच्च लागत, दक्ष जनशक्तिको अभाव र पार्टस् पुर्जाको आयातमा निर्भरतालाई प्रमुख चुनौतीका रूपमा औँल्याएको छ। सरकारले जलविद्युत्को आन्तरिक खपत बढाउने उद्देश्यले विद्युतीय गाडीलाई प्राथमिकतामा राखेको छ।

ऊर्जा मन्त्रालयले तयार पारेको रणनीतिअनुसार पेट्रोलपम्पमा समेत चार्जिङ स्टेशन राख्ने र प्रमुख सहरमा विद्युतीय बस सञ्चालन गर्ने लक्ष्य छ। सन् २०३० सम्म ९० प्रतिशत निजी गाडी विद्युतीय बनाउने र सन् २०४५ सम्म 'नेट शून्य कार्बन' उत्सर्जनको लक्ष्य हासिल गर्न विद्युतीय गाडीको विस्तार अपरिहार्य रहेको विज्ञहरू बताउँछन्।

# चौतिस परिवारको हातमा लालपुर्जा



**अजय शाह**

महोत्तरी, २४ जेठ। महोत्तरीको गौशाला नगरपालिका–४, रजखोरका बेचन साहीले आफ्नो जीवनको अधिकांश समय एउटै घरमा बिताउनुभयो। बुवाबाजेले बसोबास गर्दै आएको त्यही घरघडेरीमा उहाँले परिवार हुर्काउनुभयो तर यति लामो समयसम्म पनि उहाँसँग त्यो जग्गा आफ्नै भएको प्रमाणित गर्ने आधिकारिक कागजात थिएन।

करिब छ दशकको प्रतीक्षापछि शुक्रबार उहाँको हातमा जग्गाधनी दर्ता प्रमाणपुर्जा (लालपुर्जा) पऱ्यो। उहाँले भन्नुभयो, "हामीले बसौँदेखि यही जग्गा भोगचलन गर्दै आएका थियौँ तर स्वामित्वको कागज थिएन। "आज लालपुर्जा पाएपछि अब यो जग्गा हाम्रो हो भन्ने कानुनी प्रमाण प्राप्त भएको छ। यति धेरै वर्षपछि सरकारले हाम्रो समस्या सम्बोधन गरेको महसुस भएको छ।" बेचन साही जस्तै रजखोरका अन्य ३३ परिवारका लागि पनि शुक्रबारको दिन विशेष बन्यो। नापी कार्यालय महोत्तरीको पहलमा गाउँब्लक क्षेत्रको नापजाँच तथा आवश्यक प्रक्रिया पूरा भएपछि ३४ परिवारलाई लालपुर्जा वितरण गरिएको हो। स्थानीय किशोरी दासका लागि पनि यो दिन अविस्मरणीय रह्यो। बसौँदेखि बसोबास गर्दै आएको जग्गाको स्वामित्व प्रमाणपत्र नहुँदा विभिन्न समस्या भोग्नु परेको उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, "हामीसँग जग्गा थियो तर त्यसको कानुनी प्रमाण थिएन। सरकारी कामकाजमा समस्या हुन्थ्यो, बैङ्कबाट ऋण लिन पनि सहज थिएन। अब लालपुर्जा पाएपछि हाम्रो जग्गामाथिको अधिकार स्थापित भएको छ। भविष्यमा छोराछोरीलाई पनि सहज हुने छ।"


रजखोरका धेरै परिवार पुस्तौँदेखि एउटै ठाउँमा बसोबास गर्दै आए पनि 'गाउँब्लक' क्षेत्रको व्यवस्थाका कारण लालपुर्जाबाट वञ्चित थिए। कानुनी स्वामित्वको प्रमाण नहुँदा उनीहरूमा सधैँ अन्योल र असुरक्षाको भावना रहने गरेको थियो। स्थानीयका अनुसार लालपुर्जा नहुँदा सम्पत्तिको किनबेच, नामसारी, बैङ्किङ कारोबारलगायतका काममा कठिनाइ हुने गरेको थियो। कतिपयले आफ्नै घरघडेरीमा बसोबास गरे पनि कानुनी रूपमा पूर्ण स्वामित्व स्थापित गर्न नसकेको पीडा बसौँदेखि बोकेर हिँडेका थिए। शुक्रबार आयोजित लालपुर्जा वितरण कार्यक्रममा अधिकांश लाभग्राहीका अनुहारमा खुसी स्पष्ट झल्किन्थ्यो। कसैले लालपुर्जा छातीमा टाँसेर तस्बिर खिचाए भने कसैले एकअर्कालाई बधाई दिँदै लामो प्रतीक्षाको अन्त्य भएको अनुभूति साटे। एक स्थानीय ज्येष्ठ नागरिकले भन्नुभयो, "हामीले कहिले लालपुर्जा पाइन्छ भन्ने आशा लगभग छाडिसकेका थियौँ तर आज हातमा कागज आएपछि मन हलुका भएको छ।"

लाभग्राहीको खुसीसँगै कार्यक्रममा सहभागी जनप्रतिनिधि तथा सरकारी अधिकारीले बाँकी रहेका योग्य नागरिकलाई पनि क्रमशः लालपुर्जा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्य प्रमोदकुमार महतोले स्थानीयको दशकौँ पुरानो समस्या समाधानतर्फ महत्त्वपूर्ण उपलब्धि हासिल भएको बताउँदै बाँकी योग्य परिवारलाई पनि लालपुर्जा वितरण गरिने जानकारी दिनुभयो। प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले गाउँब्लक क्षेत्रको नापजाँच तथा लालपुर्जा वितरण अभियानलाई निरन्तरता दिइने बताउनुभयो।

# नेपालका किशोर–किशोरीमा विद्युतीय चुरोटको लत डरलाग्दो

काठमाडौं, २४ जेठ। नेपालमा गरेको एउटा अध्ययनले सानै उमेरका किशोरकिशोरीहरूमा विद्युतीय चुरोट वा भेपको लत बढ्दै गएको देखाएको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को यूथ टेबाको सर्भे २०२५ अनुसार परम्परागत चुरोट र सुर्तीबाहेक नयाँ किसिमका जोखिम पनि बढेका छन्। सर्वेक्षण प्रतिवेदनमा किशोरकिशोरीमा शीशा र हुक्काजस्ता हानिकारक पदार्थले पनि प्रभाव पारिरहेको उल्लेख छ। परिषद्ले देशका सातै प्रदेशका ५० वटा विद्यालयका ३ हजारभन्दा धेरै विद्यार्थीमाझ एक वर्ष लगाएर सर्वेक्षण गरेको हो। कक्षा ७ देखि १० सम्मका विद्यार्थी सहभागी सर्वेक्षणमा १८.७ प्रतिशतले सुर्तीजन्य वस्तुको प्रयोग गरेको पाइएको छ, जसमा परम्परागत पदार्थको तुलनामा विद्युतीय चुरोट, हुक्का र शीशाको प्रयोगको प्रवृत्ति दोब्बर रहेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार सुर्तीजन्य वस्तुको प्रयोगले क्यान्सर, मधुमेह, श्वासप्रश्वास र मुटुरोगजस्ता नसर्ने रोग निम्त्याउनुका साथै चाँडो ज्यान जाने र उच्च सामुदायिक स्वास्थ्य भार थप्छ। हुर्कँदो उमेरमा सुर्तीको लत अत्यन्त हानिकारक हुने भएकोले चिकित्सकहरूले नियन्त्रणका उपाय र उपयुक्त नीति निर्माणको सुझाव दिएका छन्।

# हत्याका अभियुक्त मधेस जनलोकपाल आयोगको सदस्यमा नियुक्त




**सुभाष कर्ण**

जनकपुरधाम, २४ जेठ। हत्याको आरोप खेपिरहेका एक व्यक्तिलाई मधेस प्रदेश सरकारको जनलोकपाल आयोगको सदस्यमा नियुक्त गरेको पाइएको छ। आयोगको सदस्यमा नियुक्त भएका औरही नगरपालिका–७, भोइल टिमकियाका सञ्जीव झा हत्याका आरोपी हुन्। लामो समयदेखि रिक्त रहेको जनलोकपाल आयोग सदस्यमा झा र वडा नम्बर ८ श्रीपुरका सुजाता विमललाई नियुक्त गरिएको थियो। झा महोत्तरीको रामगोपालपुर नगरपालिका–२ का अध्यक्ष मुकेश यादवको हत्या आरोपमा पुर्पक्षमा जेल सजाय भोगेर साधारण तारेखमा रिहा भएका अभियुक्त हुन्।

वडाध्यक्ष यादवको हत्या आरोपमा झासँगै दिलिप मण्डललाई २०८१ कात्तिक ६ गतेका दिन जिल्ला अदालत महोत्तरीले पुर्पक्षका लागि जेल चलान गरेको थियो। दुवै जना उच्च अदालतबाट साधारण तारेखमा रिहा भएका हुन्। तत्कालीन नेकपा (माओवादी केन्द्र) बाट वडाध्यक्षमा विजयी भएका मुकेश सवार लुप्र ०१–००१प६३६२ नम्बरको मोटरसाइकल २०८१ भदौ ९ गतेका दिन बिहानै जलेश्वर–बर्दिवास सडकखण्डको बर्दिवास नगरपालिका–८ स्थित कल्भर्ट नजिकै दुर्घटना भएको र वडाध्यक्ष यादवको शव कल्भर्टसँगै सडकभन्दा तल फेला परेको थियो।

घटना शंकास्पद रहेको भन्दै नेकपा माओवादी केन्द्रका नेता कार्यकर्ताले घटनाको अनुसन्धान गर्न सीआईबीको माग गरेका थिए। जिल्लादेखि केन्द्रसम्म दबाबमूलक कार्यक्रम गरेपछि मुकेशको हत्या आरोपमा मुकेशकै साथीहरू झा र मण्डललाई प्रहरीले पक्राउ गरेर मुद्दा चलाएको थियो। स्रोतका अनुसार झा पूर्वमुख्यमन्त्री सरोज यादव एवं सत्तारुढ दल नेकपा एमालेको कोटाबाट सदस्य पदमा नियुक्त भएका हुन्। पूर्वमुख्यमन्त्री यादवले भने आफ्नो वा आफ्नो पार्टीको कोटाबाट नभई निवेदन परेकामध्ये राम्रो देखिएकाले झालाई मुख्यमन्त्रीले सिफारिस गरेको बताएका छन्। 'दलीय हिसाबले कसैको नियुक्ति भएको होइन झाको कुनै दल संलग्नता नरहेको देखिएकाले नियुक्त गरिएको हो,' उनले भने।

उच्च नैतिक चरित्रका व्यक्तिलाई मात्रै सदस्यमा नियुक्त गर्न पाउने ऐनमा व्यवस्था रहेकाले हत्याजस्ता जघन्य अपराधमा मुछिएकालाई सदस्य पदमा नियुक्त गर्नु कतिको उचित हो भन्ने प्रश्नमा उनले भने, 'यो कानुनले छानबिन गर्ने विषय हो। यदि कानुनले मिल्दैन भने उनको नियुक्ति खारेज हुन्छ।' झा सम्सीका एक होटल सञ्चालक हुन्। होटल सञ्चालनकै क्रममा यौन व्यवसायमा संलग्न रहेको आरोपमा पक्राउ परेर धरौटीमा रिहा भएको भन्ने आरोप पनि उनीमाथि लाग्दै आएको छ। त्यसबेला धरौटीमा रिहा गर्न वडाध्यक्ष यादवले झालाई आर्थिक सहयोग गरेको मृतक यादवकी पत्नी अतिय यादवले बताइन्।

उनले सामाजिक सञ्जालमा एक भिडियो सार्वजनिक गर्दै आफ्नो श्रीमानको हत्या मुद्दामा पूर्वमुख्यमन्त्री सरोज यादव पनि संलग्न भएको गम्भीर आरोप लगाएकी छन्। पूर्वमुख्यमन्त्री यादवले आफ्नो पदीय दबाबमा मुद्दा कमजोर गर्न लागेको र जेल चलान भएका आरोपितलाई साधारण तारेखमा रिहा गराएको उनी बताउँछिन्। पूर्व मुख्यमन्त्री यादवले भने सो घटनामा आफ्नो कुनै संलग्नता नरहेको बताए। 'राजनीतिक प्रतिशोधका कारण केही व्यक्तिको बहकावमा आफूमाथि आरोप लगाइरहेको छ। यदि सो घटनामा मेरो संलग्नता भएको भए सोही बेला किटानी जाहेरीमा मेरो नाम दिनुपर्थ्यो,' उनले भने, 'घटनाको सीआईबीको टिमले समेत छानबिन गरेको छ। कानुनभन्दा माथि कोही छैन, यदि मेरो संलग्नता देखिए सजाय भोग्न तयार छु।'

उनले आफ्नो नाम लिएर सामाजिक सञ्जालमा चरित्र हत्या गर्ने गरी फैलाइएको अफवाहप्रति आपत्ति जनाएका छन्। 'यसरी सामाजिक सञ्जालमा मेरो नामै लिई जुन हिसाबले चरित्र हत्या गर्ने गरी अफवाह फैलाइदैछ त्यो उचित होइन,' उनले भने। मृतक वडाध्यक्ष यादव र पूर्वमुख्यमन्त्री यादव एउटै वडा रामगोपालपुर–२, टेँगरा टोलका निवासी हुन्। जनकलोकपाल आयोग र लोकसेवा आयोगमा गरिएको सदस्य मापदण्ड र कानुनविपरीत रहेको भन्दै प्रतिपक्षी दलहरूले गरेको विरोधका कारण ६ दिनदेखि संसद अवरुद्ध छ।

संवैधानिक निकायको रूपमा रहेका जनलोकपाल आयोग र लोकसेवा सेवा आयोगमा सरकार पक्षको तर्फबाट मुख्यमन्त्री, प्रतिपक्षी दलका नेता र सभामुख सम्मिलित तीन सदस्य कार्यसमितिले संवैधानिक निकायमा पदाधिकारी नियुक्त गर्ने कानुनी व्यवस्था रहेकोमा मुख्यमन्त्रीले प्रतिपक्षी दल र सभामुखलाई बेवास्ता गरी एकलौटीरूपमा नियुक्त गरेको भन्दै संसद अवरुद्ध गरेका थिए। यसै विषयलाई लिएर प्रतिपक्षी जसपा नेपालका सांसद सञ्जय यादव र मुख्यमन्त्रीबीच हात हालाहालको अवस्था समेत उत्पन्न भएको थियो। नेपालखबरबाट

# इनारमा निसास्सिएर युवकको मृत्यु, वडा अध्यक्षसहित पाँच जनाविरुद्ध जाहेरी

**अजय शाह**

महोत्तरी, २४ जेठ। महोत्तरीको गौशाला नगरपालिका–१२ पररियास्थित निर्माणाधीन इनारमा काम गर्ने क्रममा निसास्सिएर एक युवकको मृत्यु भएपछि वडा अध्यक्षसहित पाँच जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी मुद्दामा जाहेरी दर्ता गरिएको छ। सर्लाहीको ईश्वरपुर नगरपालिका–१३ निवासी चन्द्रप्रकाश महतोले आफ्ना २१ वर्षीय छोरा बसन्त कुमार कुशवाहाको मृत्यु लापरवाहीका कारण भएको आरोप लगाउँदै इलाका प्रहरी कार्यालय गौशालामा जाहेरी दिनुभएको हो।

जाहेरीअनुसार निर्माणाधीन इनारभित्र रुखको जरा काट्ने क्रममा प्रयोग गरिएको मेसिनबाट निस्किएको धुवाँका कारण बसन्त कुमार कुशवाहा निसास्सिएर बेहोस भएका थिए। गम्भीर अवस्थामा रहेका उनलाई तत्काल उपचारका लागि अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। पीडित परिवारले गौशाला नगरपालिका–१२ का वडा अध्यक्ष कुशेश्वर सिंह कुशवाहासहित पाँच जनाविरुद्ध कर्तव्य ज्यानसम्बन्धी कसुरमा जाहेरी दर्ता गराएको छ।

परिवारले इनारभित्रको जोखिमबारे जानकारी हुँदाहुँदै पर्याप्त सुरक्षा सतर्कता नअपनाई काममा लगाइएको तथा गम्भीर लापरवाहीका कारण युवकको ज्यान गएको आरोप लगाएको छ। इलाका प्रहरी कार्यालय गौशालाले जाहेरी दर्ता गरी घटनाको अनुसन्धान प्रक्रिया अघि बढाएको जनाएको छ। प्रहरीका अनुसार पोस्टमार्टम प्रतिवेदन, घटनास्थल मुचुल्का, प्रत्यक्षदर्शीको बयान तथा अन्य प्रमाणका आधारमा घटनाको विस्तृत अनुसन्धान भइरहेको छाघटनाका मुख्य आरोपितमध्ये रहेका वडा अध्यक्ष कुशेश्वर सिंह कुशवाहासँग प्रतिक्रिया लिन प्रयास गरिए पनि सम्पर्क हुन सकेन।

समाचार तयार पार्दासम्म उहाँको आधिकारिक प्रतिक्रिया प्राप्त हुन सकेको छैन। यस घटनाले स्थानीय तहअन्तर्गत सञ्चालन हुने निर्माण तथा पूर्वाधारसम्बन्धी काममा श्रमिक सुरक्षाको विषयलाई पुनः गम्भीर रूपमा उठाएको छ। पीडित परिवारले घटनामा संलग्न दोषीमाथि कानुनी कारबाही गर्न र उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ।

# प्रदेशस्तरकै अस्पतालबाट निजामती कर्मचारीले उपचार सेवा पाउने

काठमाडौं, २४ जेठ। अब निजामती कर्मचारीहरूले प्रदेश स्तरमै निजामती कर्मचारी अस्पतालको स्वास्थ्य उपचार सुविधा पाउने भएका छन्। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारी अस्पताल (सिभिल अस्पताल, काठमाडौं) को सेवा प्रदेशस्तरसम्म विस्तार गर्ने नीति अनुसार प्रदेश अस्पतालहरूबाटै कर्मचारीलाई स्वास्थ्य सेवा उपलब्ध गराउन लागेको हो।

काठमाडौँ उपत्यका बाहिर कार्यरत तथा बसोबास गर्ने निजामती कर्मचारी, अवकाशप्राप्त कर्मचारी र आश्रित परिवारहरूको सहजताका लागि प्रदेशमै स्वास्थ्य सेवा पुर्‍याउन लागिएको सामान्य प्रशान मन्त्री प्रतिभा रावलको भनाइ छ। मन्त्रालयका अनुसार निजामती कर्मचारी, अवकाशप्राप्त निजामती कर्मचारी तथा निजहरूको आश्रित परिवारलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज, सुलभ र पहुँचयोग्य रूपमा उपलब्ध गराउने उद्देश्यले प्रदेश अस्पतालहरूसँग सम्झौता सुरु भएको छ।

पहिलो चरणमा मधेस प्रदेशका लागि नारायणी अस्पताल वीरगञ्ज, पर्सा र बागमती प्रदेशका लागि भरतपुर अस्पताल, चितवनबाट निजामती कर्मचारीले निजामती अस्पताल काठमाडौँबाट पाउने छुट तथा सहुलियत सहित स्वास्थ्य सेवा पाउने छन्। आइतबार मन्त्रालयले दुई अस्पतालसँग सम्झौता गरेसँगै सोमबारदेखि सेवा सुरु हुने छ। सेवा प्राप्त गर्न निजामती कर्मचारी वा अवकाशप्राप्त निजामती कर्मचारीले निजामती कर्मचारी अस्पतालबाट जारी भएको आधिकारिक परिचयपत्र साथमा हुनु पर्ने छ।



मधेस र बागमती बाहेक अन्य प्रदेशमा समेत सेवा विस्तार गर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयसँग समन्वय भई सेवा प्रदायक अस्पतालहरूको सूचीकरण समेत भइसकेको छ। आवश्यक तयारी चलिरहेकाले कहिदिनमै सबै प्रदेशबाट निजामती कर्मचारी अस्पतालले निजामती कर्मचारीहरूलाई उपलब्ध गराउँदै आएको छुट, सहुलियत सहितको स्वास्थ्य उपचार सेवा उपलब्ध गराइने मन्त्रालयले जनाएको छ।

# महिलाले पुरुषको तुलनामा २५ प्रतिशत बढी समय खराब स्वास्थ्यमा बिताउँछन् : अध्ययन

विश्वभर महिलाहरूले पुरुषको तुलनामा झन्डै २५ प्रतिशत बढी समय खराब स्वास्थ्य अवस्थामा बिताउने गरेको एक नयाँ अध्ययनले देखाएको छ। म्याकिन्से हेल्थ इन्स्टिच्युट र विश्व आर्थिक मञ्चले २० वटा भन्दा धेरै स्वास्थ्य संस्थाको सहभागितामा गरेको अध्ययनले यो अन्तरको ठूलो हिस्सा रोक्न सकिने निष्कर्ष पनि निकालेको छ।

अध्ययनका अनुसार महिला र पुरुषबीचको यो स्वास्थ्य अन्तरको ३४ प्रतिशत हिस्सा स्वास्थ्य सेवाका कमजोरीहरूबाट उत्पन्न भएको हो। ढिलो निदान, अपर्याप्त जाँच, अपुरो उपचार र कम उपचारको पहुँच यसका मुख्य कारण रहेका छन्। अध्ययनले हृदय रोग, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, गर्भावस्थाको उच्च रक्तचाप, प्रसवपछिको रक्तस्राव, रजोनिवृत्ति, पिएमएस, माइग्रेन र एन्डोमेट्रियोसिस गरी नौ वटा प्रमुख स्वास्थ्य अवस्थाहरू पहिचान गरेको छ, जसमा तत्काल सुधार गर्न सकिने ठूलो सम्भावना रहेको छ।

यो स्वस्थ समय अन्तरका कारण हरेक वर्ष विश्वभर ७५ करोड वर्षभन्दा बढी जीवनकाल खराब स्वास्थ्य वा असमयको मृत्युमा गुम्ने गरेको छ। अध्ययनले महिलाको स्वास्थ्य सुधार गर्नु केवल मानवीय आवश्यकता मात्र नभई सामाजिक र आर्थिक समृद्धिका लागि पनि अपरिहार्य रहेको निष्कर्ष निकालेको छ। –एजेन्सी

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)